नेपाल सरकार
Government of Nepal

खानेपानी मन्त्रीज्यूको
निजी सचिवालय
सिंहदरबार, काठमाडौं, नेपाल ।

Ministry of Water Supply
Private Secretariat
Singhadurbar, Kathmandu,
Nepal

प.सं.:
च.नं.:

नेपाल सरकार
खानेपानी मन्त्रालय
माननीय खानेपानी मन्त्रीज्यूको निजी सचिवालय
सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

आज मिति २०८१ माघ २६ गते शनिबार बिहान ८ :४० बजे खानेपानी मन्त्रालयमा आगलागी भएर अकल्पनीय दुःखदायी घटना भएको छ ।

घटनाको जानकारी पाउनासाथ नेपाली सेना, नेपाल प्रहरी, कर्मचारी तथा बारुणयन्त्र (दमकल) को सहायतामा करिब १५ मिनेटमा उक्त आगलागी नियन्त्रणमा आएको थियो ।

आगलागीबाट माननीय मन्त्री प्रदीप यादवज्युको कार्यकक्ष पूर्णरूपमा क्षति भएको छ । माननीय मन्त्रीज्युको कार्यकक्षमा रहेका दुईवटा टेलिभिजन, एउटा डेस्कटप कम्प्युटर, पानी तताउने मेसिन, टेबल, सोफा, कुर्सीहरू, कार्पेट, सिसी क्यामेराको मनिटर लगायतका सामग्री नष्ट भएका छन् । आगलागीबाट मन्त्रालयका अति आवश्यक एवम् महत्वपूर्ण कागजातमा कुनै क्षति नभएको जानकारी गराउन चाहन्छौं ।

आगलागी पश्चात् तत्काल माननीय मन्त्री प्रदीप यादव, उपप्रधान तथा सहरी विकास मन्त्री, गृहमन्त्री, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री, खानेपानी मन्त्रालयका सचिव लगायत उच्च पदस्थ कर्मचारी तथा सुरक्षा निकायका प्रमुखबाट घटनाको स्थलगत निरीक्षण गरी क्षतिबारे जानकारी लिने काम भएको छ ।

विभिन्न सञ्चार माध्यमका सञ्चारकर्मीले समेत उक्त दुःखद घटनाको स्थलगत निरीक्षण गर्नु भएको छ । विद्युत् सर्ट भएकै कारण आगलागी भएको हुनसक्ने सबैको अनुमान छ । घटनाबारे प्रहरीले अहिले अनुसन्धान गरिरहेको व्यहोरा जानकारी गरिन्छ ।

भक्तराज जोशी
उपसचिव
(माननीय मन्त्रीज्युको निजी सचिव)

निजी सचिव